आज मिति २०७८ साल जेठ ६ गते चितवन जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री प्रेमलाल लामिछानेको अध्यक्षतामा जिल्ला कोभिड १९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैठक बसी देहायको उपस्थितिमा निम्नानुसार निर्णय गरियो ।

| | | |
|---|---|---|
| अध्यक्ष | प्रेमलाल लामिछाने | प्रमुख जिल्ला अधिकारी |
| सदस्य | चुडामणि शर्मा गौतम | जिल्ला समन्वय अधिकारी |
| सदस्य | डाजगन्नाथ तिवारी | नि.प्र.मे.सु. भरतपुर अस्पताल |
| सदस्य | बिज्ञान खनाल | गणपति, कालीबहादुर गण |
| सदस्य | ओम प्रसाद अधिकारी | प्रहरी उपरीक्षक, जि.प्र.का. |
| सदस्य | दिपक कुमार थापा | सशस्त्र प्रहरी उपरीक्षक, सप्रबल नेपाल १७ नं. गण |
| सदस्य | उत्तम खनाल | उप अनुसन्धान निर्देशक, रा.अ.जि.का. |
| सदस्य सचिव | दिपक प्रसाद तिवारी | प्रमुख, स्वास्थ्य कार्यालय, चितवन |

निर्णयहरु

१. DCCMC को यस अधिका वैठकहरुका निर्णयहरुको कार्यान्वयनको अवस्था तथा चितवन जिल्लामा कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि अवलम्बन गरिएका प्रयास तथा यस अघि भएका निर्णय कार्यान्वयनको समेत समिक्षा गरियो ।

२. यस जिल्लामा हालसम्म १२०७२ जना संक्रमित भएका मध्ये ७५०१ जना निको भएका, ४१६७ जना हाल होम आइसोलेसनमा र २१३ जना अस्पतालहरुमा उपचाररत रहेका छन । कोभिड-१९ संक्रमणको कारण हाल सम्म १८२ जनाको मृत्यु भएको छ।

३. कोभिड-१९ संक्रमणको संभावित मृत्युलाई मध्यनजर गर्दै भरतपुर महानगरपालिका बाहेकका स्थानीय तहहरुलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट जारी शव व्यवस्थापन सम्बन्धि मापदण्ड अनुरुप मृत्यु संस्कार गर्न चाहने नागरिकहरुका लागि आवश्यक सहजीकरण गर्नका लागि अनुरोध गर्ने ।

४. कोभिड-१९ संक्रमणको कारणले मृत्यु भएका मृतकहरुको शव व्यवस्थापनलाई निशुल्क बनाउनका लागि देबघाट क्षेत्र विकास समितिसंग आवश्यक बजेट नभएकाले कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (CCMC) र श्री संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई आवश्यक बजेट व्यवस्थाका लागि सिफारिस गर्ने ।

५. कोभिड-१९ संक्रमितहरुको शव व्यवस्थापनका लागि शव वाहन उपलब्ध गराएकोमा Lions Club International 325 B2 लाई धन्यवाद दिने ।

६. कोभिड-१९ संक्रमितहरुको उपचारका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसंग सम्झौता गरेका मेडिकल कलेजहरु र अस्पतालहरुबाट सम्झौता बमोजिम निशुल्क उपचारको अवस्था बारे जानकारी लिने र सो सम्बन्धी दैनिक प्रतिवेदन माग गर्ने ।

७. कोभिड-१९ संक्रमणबाट मृत्यु भएका मृतकहरुको शव व्यवस्थापनका लागि निशुल्क आवश्यक दाउरा उपलब्ध गराउन डिभिजन वन कार्यालय, चितवन मार्फत सबै सामुदायिक वन उपभोक्ता समिति र समिलहरुलाई अनुरोध गर्ने । डिभिजन वन कार्यालयले सो को समन्वय, फलोअप र अभिलेखिकरणको व्यवस्था मिलाउने ।